अडान-पत्र

# नेपालमा बन्न गइरहको वन, रेडप्लस, जैविक विविधता र प्राकृतिक संरक्षणसम्बन्धी रणनीतिहरूमा आदिवासी जनजातिको अडान

- आदिवासी जनजाति यो देशको भूमिपुत्र भएको स्मरण गर्दै,
- वन नीति तथा कानुनी व्यवस्थाले हामी आदिवासी जनजातिको भूमि, वन तथा प्राकृतिक स्रोतको हरण गरेको स्मरण गराउँदै,
- जलवायु परिवर्तनले आदिवासी जनजातिलाई सबैभन्दा धेरै नकारात्मक प्रभावित पार्ने कुरा मनन गर्दै,
- जलवायु परिवर्तनको असर न्यूनीकरणका लागि प्रस्तावित राष्ट्रिय रेडप्लस रणनीतिले आदिवासी जनजातिलाई असर पार्ने कुराको विचार पुऱ्याउँदै,
- जैविक विविधताको संरक्षणमा आदिवासी जनजातिको ज्ञान, सीप र परम्परागत अभ्यासको महत्वपूर्ण योगदानलाई सम्मान गर्दै,
- आदिवासी जनजातिको प्रकृतिसँग अन्तरसम्वन्ध रहेको कुरालाई आत्मसात गर्दै,
- वन क्षेत्रको राष्ट्रिय रणनीति, राष्ट्रिय रेड रणनीति, जैविक विविधतासम्वन्धी रणनीति र प्रकृति संरक्षणसम्बन्धी रणनीतिक खाका सम्वन्धमा नेपाल आदिवासी जनजाति महासंघ निम्न अडान प्रस्तुत गर्दछ ।

## १. वन क्षेत्रको राष्ट्रिय रणनीति

### योगदानको मान्यता

- आदिवासी जनजाति तथा आदिवासी जनजाति महिलाले आदिमकालदेखि वनजंङ्गलको संरक्षण, सम्बर्द्धन, व्यवस्थापन, उपभोग र नियन्त्रण गर्दै आएकोले योगदानलाई सरकारले नीतिगत रूपमा कानुनी मान्यता दिइनु पर्दछ ।

### स्वामित्व

- आदिवासी जनजाति समुदायले आदिमकालदेखि आफ्नो स्वामित्व र नियन्त्रणमा राखेको, संरक्षण र उपभोग गर्दै आएको वन तथा वन स्रोतलाई निजी वन राष्ट्रियकरण ऐन २०१३, पुनर्वास कम्पनी ऐन २०२१, भूमि सुधार ऐन २०२१, झोडा ऐन २०२८, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु ऐन २०२९, खर्क जग्गा राष्ट्रियकरण ऐन २०३१, चरण क्षेत्र राष्ट्रियकरण ऐन २०३२, वन ऐन २०४९, सामुदायिक वन नियमावली २०५१ मार्फत वनको स्वामित्व हरण गरिएकाले त्यसलाई फिर्ता गरिनु पर्दछ । वन तथा वनस्रोत माथिको स्वामित्व, संरक्षण, उपभोग, पहुँच र नियन्त्रणको अधिकार आदिवासी जनजातिमा रहने कानुनी व्यवस्था गरिनु पर्दछ ।

### व्यवस्थापन

- आदिवासी जनजाति र आदिवासी जनजाति महिलाले आदिमकालदेखि आफ्नो साँस्कृतिक, धार्मिक, सामाजिक, आर्थिक, आध्यात्मिक लगायतका प्रथाजनित व्यवस्थाबाट गरिंदै आएको वन व्यवस्थापन प्रणालीलाई कानुनी मान्यता दिई प्रबर्द्धन गर्नुपर्दछ ।
- वन उपभोक्ता समिति र वन उपभोक्ता महासंघमा स्थानीयदेखि केन्द्रीय कार्यसमितिसम्म पूर्ण समानुपातिक समावेशी सहभागिताको कानुनी व्यवस्था गर्नु पर्दछ ।
- स्थानीय वन समूहहरूले आफ्नो विधान, नीति नियम र कार्ययोजना बनाउँदा आदिवासी जनजातिको वन व्यवस्थापन सम्बन्धी प्रथाजन्य कानुनी व्यवस्थाहरूलाई मान्यता दिनु पर्दछ ।
- व्यवस्थित वन क्षेत्रबाट विस्थापित गराइएका आदिवासी जनजातिहरूको हकमा स्थानीय वन उपभोक्ता समितिहरूमा आदिवासी जनजातिको प्रतिनिधित्वको व्यवस्था गर्नु पर्दछ । विद्यमान कानुनी व्यवस्था अनुसार रहेको तीन किलोमिटरको व्यवस्था हटाउनुपर्दछ ।

### लाभको बाँडफाँड

- आदिवासी जनजातिको स्वामित्व, नियन्त्रण र व्यवस्थापनमा रहेका वन र वन स्रोतबाट प्राप्त लाभ आदिवासी जनजातिले नै पाउने व्यवस्था गर्नुपर्दछ ।
- आदिवासी जनजातिहरू वन र वन स्रोतमाथि आश्रित रहेको हुनाले उनीहरूको आर्थिक, सामाजिक, साँस्कृतिक, धार्मिक, आध्यात्मिक, औषधीमूलो लगायत परम्परागत उपभोग तथा जीविकोपार्जन प्रणालीहरूलाई निरन्तरता दिन पाउनु पर्दछ ।
- वन र वन स्रोतबाट प्राप्त हुने सबै खालको लाभमा सवै आदिवासी जनजाति समुदायले समतामूलक जनसंख्या र समुदायगत रूपमा न्यायोचित हिस्सेदारी वन्न पाउनुपर्दछ ।

### निजी क्षेत्रको सहभागिता

- आदिवासी जनजातिको ऐतिहासिक थातथलो, उनीहरूको स्वामित्व, नियन्त्रण, व्यवस्थापनमा रहेको वन क्षेत्रलाई राज्यले निजीकरण गर्न पाइने छैन ।

### सहभागिता, परामर्श र एफ्पीक

- वन र वन स्रोतसँग सम्बन्धित ऐन कानुन, नीति नियम, कार्ययोजनाको तर्जुमाका साथै यसको कार्यान्वयन, मूल्यांकन तथा अनुगमन लगायतका सबै प्रक्रिया र षयन्त्रमा स्थानीयदेखि राष्ट्रियस्तर सम्मका साथै यसको आदिवासी जनजाति र आदिवासी जनजाति महिलाहरूको संस्थागत रूपमा पूर्ण समानुपातिक समावेशिताको व्यवस्था गर्नु पर्दछ । यसका लागि स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी (एफ्पीक), आदिवासी जनजातिको अधिकारसम्वन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र (UNDRIP) र अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ (ILO C, 169) को सिद्धान्तहरूलाई अवलम्बन गर्नुपर्दछ ।

### लैंगिक समानता र सामाजिक समावेशीकरण

- आदिवासी जनजाति, महिला, युवा, अल्पसंख्यक, सीमान्तिकृत, फरक क्षमता भएका र तेस्रो लिंगी सवैलाई वन व्यवस्थापनसम्बन्धी सम्पूर्ण प्रक्रिया र संयन्त्रहरूमा बिशेष प्रतिनिधित्वको व्यवस्था गर्नुपर्दछ ।

### वनको सुदृढीकरण र बृक्षारोपण

- वनको सुदृढीकरण तथा बृक्षारोपणमा स्थानीय आदिवासी जनजातिको परम्परागत आर्थिक, सामाजिक, साँस्कृतिक, धार्मिक र आध्यात्मिक महत्वका रूख तथा बोटबिरूवाहरूलाई प्राथमिकता दिनु पर्दछ ।
- आर्थिक विकासको नाममा आदिवासी जनजातिको आर्थिक, सामाजिक, साँस्कृतिक, धार्मिक, आध्यात्मिक महत्वका रूख तथा बोटविरूवालाई विस्थापन गर्न पाइँदैन ।
- खाली रहेका भूभागमा स्थानीय प्रजाति तथा जैविक विविधतामा असर नपार्ने खालका बोट विरूवा रोप्ने र त्यसको व्यवस्थापनको जिम्मेवारी स्थानीय आदिवासी जनजातिलाई दिइनु पर्दछ ।

### संघीयताको सवाल

- मुलुक संघीय ढाँचामा जाँदा वन र वन श्रोतमाथिको आदिवासी जनजातिको स्वामित्व, अधिकार, पहुँच र नियन्त्रणको व्यवस्थालाई सुनिश्चित गर्नुपर्दछ ।

### भूमि माथिको अधिकार

- आदिवासी जनजातिले नियन्त्रण र भोगचलन गर्दै आएको भूमि तथा भूक्षेत्रको स्वामित्व उनीहरूमा नै रहने व्यवस्था गर्नुपर्दछ ।

## २. राष्ट्रिय रेड रणनीति

- रेडसम्वन्धी नीति तथा रणनीतिहरू बनाउँदा नेपाल सरकारले अनुमोदन गरेको अन्तर्राष्ट्रिय श्रम संगठनको आदिवासी जनजाति सम्बन्धी महासन्धि नं. १६९ (ILO C, 169), सरकारले हस्ताक्षर गरेको आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्टसंघीय घोषणापत्र (UNDRIP) जैविक विविधता सम्वन्धी महासन्धि (CBD), UNFCCC कानकुन (कोप १६) मा भएको रेडप्लसमा वातावरणीय र सामाजिक सुरक्षा नीति (Safeguard Policy) सम्बन्धी सम्झौताको पालना गर्दै आदिवासी जनजाति सम्वन्धी सन्धि, महासन्धि, अभिसन्धिहरूले व्यवस्था गरेको अधिकारलाई कार्यान्वयन गरिनु पर्दछ ।
- रेडप्लसका कुनै पनि तयारी वा कार्यान्वयन गतिविधिहरूमा आदिवासी जनजातिसँग स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी (FPIC) गरिनु पर्दछ । स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरीका क्रममा आदिवासी जनजाति महिला, युवा लगायतको समावेशी सहभागितालाई सुनिश्चित गरिनु पर्दछ ।

- रेडप्लसको अवधारणा भूमि र वनसँग सम्बन्धित भएकाले आदिवासी जनजातिको पुर्ख्यौली भूमि, वन र प्राकृतिक स्रोतहरूमा आदिवासी जनजातिको पहुँच, अधिकार र नियन्त्रणलाई पूर्ण रूपमा स्थापित गरिनु पर्दछ ।
- आदिवासी जनजातिले आफ्नो पुर्ख्यौली भूमिको सामूहिक स्वामित्व, नियन्त्रण र प्रयोगमा रहेको र प्राकृतिक स्रोतहरूको सामूहिक भोगचलन गरिरहेको हुँदा हाम्रो परम्परागत सामूहिक स्वामित्व र अधिकारलाई मान्यता दिइनु पर्दछ । आदिवासी जनजातिको जीविकोपार्जन पद्दतिलाई वन विनास र क्षयीकरणको कारकतत्व मान्न हुँदैन ।
- भूमि र स्रोतको उपभोग सम्बन्धी आदिवासी जनजातिको प्रथाजनित कानुनी व्यवस्था र अभ्यासहरूलाई मान्यता दिँदै कार्यान्वयन गरिनु पर्दछ ।
- भूमि, वन र प्राकृतिक स्रोतको पहिलो अधिकार आदिवासी जनजातिमा रहने भएकाले कार्वन-अधिकार पनि आदिवासी जनजातिहरूमा नै रहनु पर्दछ ।
- रेडप्लसका प्रक्रियाहरूमा आदिवासी जनजातिको परम्परागत ज्ञान, सीप र शासकीय प्रणालीले वन स्रोतहरूको दिगो संरक्षण र व्यवस्थापन गर्दै आएको कुरालाई मान्यता दिंदै ती ज्ञान, सीप र शासकीय प्रणालीहरूको निरन्तरताको अधिकार हुनुपर्दछ ।
- आदिवासी जनजातिको पेशा, धर्म, संस्कृति, आस्था, बौद्धिक सम्पत्ति, विज्ञता र आनुवंशिक स्रोतको अन्तर सम्वन्ध भूमि, वनजंगल र प्राकृतिक स्रोत साधनसँग भएको हुनाले हाम्रो पेशा, धर्म, संस्कृति, आस्था, बौद्धिक सम्पत्ति, विज्ञता र आनुवंशिक स्रोतका योगदानहरूलाई रेडप्लसमा पूर्णरुपमा मान्यता दिँदै भुक्तानी दिइनु पर्दछ । यस सन्दर्भमा ऐतिहासिक दायित्वको सिद्धान्तलाई आत्मसात गरिनु पर्दछ ।
- रेडप्लस प्रक्रियाका सबै तहमा हुने गतिविधि र निर्णयहरूको सूचना आदिवासी जनजातिले सजिलैसँग बुझ्ने र प्राप्त गर्नसक्ने भाषा (मातृभाषाहरू) र माध्यममा स्थानीय तहसम्म उपलब्ध गराउनु पर्नेछ ।
- रेडप्लसबाट प्राप्त हुने लाभको न्यायोचित बाँडफाँडलाई सुनिश्चित गरिनुपर्दछ । प्राप्त लाभले आदिवासी जनजातिको आर्थिक, सामाजिक, साँस्कृतिक र आध्यात्मिक पक्षले वनजंगल संरक्षणमा पुऱ्याउने योगदानलाई मान्यता दिँदै गैरकार्वन लाभ उपलब्ध गराइनु पर्दछ ।
- रेडप्लस प्रक्रियाका सबै तह (स्थानीय, क्षेत्रीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय), शासकीय प्रणाली, संस्थागत व्यवस्था र संयन्त्रहरुमा कानकुन सम्झौताले गरेको व्यवस्था अनुसार आदिवासी जनजातिको परम्परागत र प्रतिनिधिमूलक जातीय संस्थाको अर्थपूर्ण र प्रभावकारी संलग्नताको सुनिश्चितता गरिनु पर्दछ । आदिवासी जनजाति महिला, युवा र समुदायका सीमान्तकृत हरूको समावेशितालाई बिशेष व्यवस्था गर्नु पर्दछ ।
- रेडप्लस प्रक्रियाको सबै तहका संयन्त्रहरूको गठनका लागि आदिवासी जनजातिको परम्परागत र प्रतिनिधिमूलक जातीय संस्थाको अर्थपूर्ण र प्रभावकारी संलग्नताको सुनिश्चितता गरिनु पर्दछ । आदिवासी जनजाति महिला, युवा र समुदायका सीमान्तकृतहरूको समावेशितालाई बिशेष व्यवस्था गर्नु पर्दछ ।
- हरित कार्वन कोष (Green Climate Fund) र अन्य वित्तीय संयन्त्रहरुमा आदिवासी जनजातिको पूर्ण र प्रभावकारी संलग्नताको साथै पहुँचको सुनिश्चितता गरिनु पर्दछ । आदिवासी जनजाति महिला, युवा र समुदायका सीमान्तकृतहरूको समावेशितालाई बिशेष व्यवस्था गर्नु पर्दछ ।
- रेडप्लसका प्रक्रियाहरु सम्बन्धमा आदिवासी जनजातिको क्षमता अभिबृद्धिको लागि पर्याप्त बित्तीय लगायत आवश्यक प्रक्रिया र संशोधनको व्यवस्था गरिनु पर्दछ ।
- रेडप्लसका वातावरणीय र सामाजिक मूल्यांकन रणनीति (SESA) र वातावरणीय तथा सामाजिक व्यवस्थापन प्रारूप (ESMF) बनाउँदा आदिवासी जनजातिको अर्थपूर्ण र संस्थागत प्रतिनिधित्वको सुनिश्चित गरिनुपर्दछ । आदिवासी जनजाति महिला, युवा र समुदायका सीमान्तकृतहरूको समावेशितालाई विशेष व्यवस्था गर्नु पर्दछ ।
- रेडप्लस परियोजना वा गतिविधिहरूको अनुगमन, प्रतिवेदन र प्रमाणिकरण (MRV) प्रक्रियामा आदिवासी जनजातिको अर्थपूर्ण र प्रभावकारी सहभागिता सुनिश्चित गर्दै समुदायमा आधारित सूचना प्रणाली, अनुगमन, प्रतिवेदन र प्रमाणिकरण (MRV) व्यवस्था अवलम्बन गरिनु पर्दछ ।
- स्वतन्त्र र प्रभावकारी गुनासो समाधान संयन्त्र (Feedback and Grievance Re-address Mechanism) को गठन गरिनु पर्दछ । उक्त संयन्त्रमा आदिवासी जनजातिको परम्परागत तथा प्रतिनिधिमुलुक संस्थालाई मान्यता, पहुँच र अर्थपूर्ण सहभागीताको व्यवस्थाको सुनिश्चित गरिनु पर्दछ ।

## ३. राष्ट्रिय जैविक विविधता रणनीति र कार्ययोजना

### योगदानको मान्यता

- आदिवासी जनजातिको परम्परागत जीवनपद्धति, धार्मिक, सांस्कृतिक र आध्यात्मिक मान्यताले नै जैविक विविधता संरक्षण भएको कुरालाई आत्मसाथ र सम्मान गर्दै आदिवासी जनजातिको जीवनपद्धति, धार्मिक, सांस्कृतिक र पराम्परालाई मान्यता दिइनु पर्दछ ।
- आदिवासी जनजातिको पराम्परागत ज्ञान, सीप र मूल्यमान्यताले जैविक विविधता संरक्षणमा महत्वपूर्ण भूमिका खेल्ने कुरालाई आत्मसात गर्दै यी मान्यतालाई सम्मान र निरन्तरता दिइनु पर्दछ ।
- जैविक विविधताको संरक्षणमा महत्वपूर्ण योगदान दिइरहेकोले आदिवासी जनजातिको पराम्परागत जीवनपद्धति, धार्मिक, सांस्कृतिक र आध्यात्मिक मान्यतालाई कुनै पनि असर पुऱ्याउन नहुने व्यवस्था हुनुपर्दछ ।

### स्वामित्व

- आदिवासी जनजातिको जीवनपद्धतिसँग सम्बन्धित जडिबुटी, जीवजन्तु, खोलानाला, पोखरी तालतलैया, अमूर्त साँस्कृतिक सम्पदा, परम्परागत ग्रामथान, पूजा गर्ने थलो आदिमा आदिवासी जनजाति समुदायको स्वामित्व कायम हुनुपर्दछ ।
- स्थानीय जडिबुटी तथा प्राकृतिक सम्पदाहरूको नामाकरण विगतका दिनमा आदिवासी जनजातिहरूको स्थानीय मातृभाषामा राखिएको तर हाल आएर कतिपय लोप भएकोले त्यसलाई पुनः मातृभाषामा नामाकरण गरिनुपर्दछ ।
- आदिवासी जनजातिको वंशाणुगत श्रोत र पराम्परागत ज्ञान सीपबाट उत्पादित बस्तुहरूमा आदिवासी जनजातिकै बौद्धिक सम्पत्तिसम्वन्धी अधिकार स्थापित गरिनु पर्दछ ।

### व्यवस्थापन

- जैविक विविधताको संरक्षणमा आदिवासी जनजातिको पराम्परागत र ज्ञान, सीप र मान्यतामा आधारित भएर व्यवस्थापनको अधिकार हुनुपर्दछ ।
- जैविक विविधतको संरक्षणमा राज्यले निर्माण गर्ने सामुदायिक, सरकारी र संरक्षित क्षेत्रको संरचनाको नेतृत्वमा आदिवासी जनजातिहरूको पूर्ण र प्रभावकारी सहभागिता सुनिश्चित गरिनुपर्दछ ।
- आदिवासी जनजातिको परम्परागत अभ्यासहरू जैविक विविधता संरक्षणमैत्री भएको कुरालाई मनन गर्दै स्थानीय जैविक विविधता संरक्षण र व्यवस्थापनको जिम्मा सम्बन्धित क्षेत्रका आदिवासी जनजातिलाई नै प्रदान गरिनुपर्दछ ।

### लाभको बाँडफाँड

- स्थानीय जैविक विविधता र प्राकृतिक श्रोतको लाभ बाँडफाँडमा सम्बन्धित क्षेत्रका आदिवासी जनजातिलाई पहिलो प्राथमिकता दिई समन्यायिक बाँडफाँड गरिनु पर्दछ ।
- जैविक विविधताको लाभ बाँडफाँड सम्बन्धी नगोया प्रोटोकललाई सरकारले तत्काल अनुमोदन गरिनुपर्दछ ।
- जैविक विविधता संरक्षण क्षेत्र निर्माण भएका तथा निर्माण विस्तारका क्रममा सम्बन्धित क्षेत्रका आदिवासी जनजाति समुदायमा पर्ने असरको न्यायोचित क्षतिपूर्तिको व्यवस्था गरिनुपर्दछ ।

### निजी क्षेत्रको सहभागिता

- आदिवासी जनजातिले सदियौंदेखि उपभोग र संरक्षण गर्दै आएको जैविक विविधता, जल, जमिन, खनिज र जंगलमा निजी क्षेत्रको सहभागिता आदिवासी जनजातिको मञ्जुरीमा मात्र स्वीकार्य हुनेछ । यस्ता निजी क्षेत्रमा सार्वजनिक नीजि साझेदारीको अवधारणा अनुसार मात्र सञ्चालन गरिनुपर्छ । त्यस्ता पिपिपिमा आदिवासी जनजातिको सहभागिता अनिवार्य गरिनुपर्छ ।

### सहभागिता, परामर्श र एफ्पिक

- जैविक विविधता सम्बन्धी रणनीति निर्माण गर्दाको अवस्थादेखि यस अन्तर्गत बन्ने नीति, नियम, कानून, कार्ययोजना, निर्देशिका, नियमावली बनाउँदा आदिवासी जनजातिको पूर्ण र प्रभावकारी सहभागिता सहितको सुनिश्चितता गरिनुपर्दछ ।
- यस्ता नीतिहरू निर्माण गर्दा आदिवासी जनजातिको लागि अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धी नं. १६९ (ILO C, 169) र आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्टसंघीय घोषणापत्र (UNDRIP) तथा अन्य अन्तराष्ट्रिय महासन्धीमा व्यवस्था भए अनुरूपको स्वतन्त्र, अग्रिम जानकारी सहितको मन्जुरी (FPIC) प्रक्रियाको अवलम्बन गर्नु पर्दछ ।
- जैविक विविधतासम्वन्धी सबै तह (जिल्ला, क्षेत्रीय, केन्द्रीय) को संयोजन तथा अनुगमन समितिमा आदिवासी जनजातिको संस्थागत प्रतिनिधित्व सुनिश्चित गरिनु पर्दछ ।

### अनुगमन संयन्त्र

- आदिवासी जनजातिको समुदायमा आधारित अनुगमन र सूचना प्रणाली (CBMIS) लाई पूर्ण र प्रभावकारी रूपमा मान्यता दिइनु पर्दछ ।
- जैविक विविधतासम्बन्धी अनुगमन संयन्त्र निर्माण गर्दा आदिवासी जनजातिको पराम्परागत संस्था र आदिवासी जनजातिको आधिकारिक जातीय संस्थाहरू, नेपाल आदिवासी जनजाति महासंघ, आदिवासी जनजाति महिलालाई सबै तहमा अर्थपूर्ण र प्रभावकारी सहभागिता भएको संयन्त्र निर्माण गरिनु पर्दछ ।

### कानूनी व्यवस्था

- जैविक विविधता संरक्षणसम्बन्धी कानूनहरू निर्माण गर्दा आदिवासी जनजातिको परम्परागत प्रथाजनित कानुन, मूल्य, मान्यता र प्रयोगलाई आधिकारिकता प्रदान गरिनु पर्दछ ।

- जैविक विविधता संरक्षण सम्बन्धी कानून निर्माण गर्दा आदिवासी जनजाति अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धी नं. १६९ र आदिवासी जनजातिको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र तथा अन्य अन्तर्राष्ट्रिय महासन्धिलाई आधारमानी आदिवासी जनजातिको अधिकार सुनिश्चित भएको कानून निर्माण गरिनुपर्दछ ।

### लैंगिक समानता र सामाजिक समावेशीकरण

- जैविक विविधता सम्बन्धी रणनीति, कानून, ऐन, नियम, विनियम, नियमावली, निर्देशिका र कार्ययोजनहरू निर्माण गर्दा मानव सूचकांक र सामाजिक विविधताको आधारमा फरक क्षमता भएको तथा आदिवासी महिलाको पूर्ण र प्रभावकारी सहभागिताको व्यवस्था गरिनु पर्दछ ।

### भूमिको अधिकार

- आदिवासी जनजातिले धार्मिक, साँस्कृतिक र आध्यात्मिक रूपमा नियन्त्रण र उपभोग गर्दै आएको भूमि तथा भूक्षेत्रमा पूर्ण स्वामित्व रहनु पर्दछ । त्यस्ता भूमिमा रहेका जैविक तथा अजैविक श्रोत साधनमाथि आदिवासी जनजातिको पूर्ण अधिकार हुनुपर्दछ ।
- राष्ट्रिय जैविक विविधता रणनीति र कार्ययोजनामा उल्लेख भएको लक्षित र सूचकमा आदिवासी जनजातिका अधिकारमैत्री व्यवस्था गर्नु पर्दछ ।

## ४. प्रकृति संरक्षणसम्बन्धी रणनीतिक खाका

### योगदानको मान्यता

- प्राकृतिक स्रोत साधनको दिगो संरक्षण र व्यवस्थापनमा आदिवासी जनजाति समुदायमा प्रचलित प्रथाजनित कानून र परम्परालाई राज्यले कानुनी मान्यता दिनुपर्दछ ।
- आदिवासी जनजातिको परम्परागत सामाजिक, आर्थिक, राजनैतिक, धार्मिक संस्थाहरू र मान्यताहरूलाई राज्यले वैधानिक मान्यता प्रदान गर्नुपर्दछ ।
- प्राकृतिक स्रोतसाधन संरक्षण र व्यवस्थापन सम्बन्धी विद्यमान कानुनहरूमा स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरी (एफ्पिक)को सिद्धान्तअनुसार परिमार्जन र संशोधन गर्नुपर्दछ ।
- प्राकृतिक श्रोतको संरक्षण र व्यवस्थापन गर्दा आदिवासी जनजातिहरूको भाषा, संस्कृति, लिपि, परम्परागत ज्ञान सीपको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गर्नुपर्दछ ।
- राज्यले हिन्दूकरण र नेपालीकरण प्रकृयामा परिवर्तित आदिवासी जनजातिको थातथलो, प्राकृतिक, साँस्कृतिक तथा धार्मिक सम्पदाहरूको नामलाई आदिवासी जनजातिकै आफ्नो भाषाबाट पहिचान र नामाकरण गरी पुनर्जीवित गर्नुपर्दछ ।

### स्वामित्व

- आदिवासी जनजातिको बसोबास क्षेत्रको प्राकृतिक स्रोतमाथिको पहुँच र स्वामित्वको सुनिश्चित हुनुपर्दछ ।
- आदिवासी जनजातिले परापूर्वकालदेखि भोगचलन गर्दै आएका चरण क्षेत्र, धार्मिक र साँस्कृतिक भूमिमाथि आदिवासी जनजातिको पूर्ण स्वामित्वको सुनिश्चितता हुनुपर्दछ ।
- वन तथा प्राकृतिक स्रोत साधनसँग सम्बन्धित ऐन, नियम, कानुनहरू अन्तर्राष्ट्रिय सन्धि, महासन्धि अनुसार यथाशीघ्र संशोधन र परिमार्जन गरिनुपर्दछ । साथै अन्तर्राष्ट्रिय सन्धि, महासन्धि तथा कानूनसँग बाझिएका दफाहरू खारेज गरिनुपर्दछ ।

### व्यवस्थापन

- सामुदायिक वन उपभोक्ता समूहहरूमा आदिवासी जनजातिको समानुपातिक र समावेशी सिद्धान्तको आधारमा प्रतिनिधित्व र सहभागिताको सुनिश्चितता हुनुपर्दछ ।
- वनजंगल र प्राकृतिक स्रोत साधनको दिगो व्यवस्थापन र संरक्षणमा आदिवासी जनजातिको परम्परागत प्रथाजनित कानुन, परम्परागत ज्ञान, सीप र व्यवहारलाई मान्यता दिई सम्बन्धित विद्यमान ऐन, नियम, कानूनहरूमा नै समावेश गरी कार्यान्वयनको सुनिश्चितता हुनुपर्दछ ।

### लाभको बाँडफाँड

- प्राकृतिक स्रोत माथिको लाभको बाँडफाँड समन्यायिक सिद्धान्त अनुसार महिला, सीमान्तकृत र लोपोन्मुख आदिवासी जनजातिलाई पहिलो प्राथमिकता दिइनुपर्दछ ।
- प्राकृतिक स्रोतमाथिको लाभको वितरण तथा बाँडफाँड गर्दा आदिवासी जनजातिको परम्परागत प्रथाजनित कानून र मान्यता बमोजिम हुनुपर्दछ ।

- आदिवासी जनजातिको क्षेत्रमा प्राकृतिक स्रोतको संरक्षण र व्यवस्थापनमा राज्यले वितरण गर्ने बजेट र दातृनिकायहरूबाट प्राप्त आर्थिक सहयोग, दान तथा अनुदान र कुनै पनि अन्य सहयोग समानुपातिक सिद्धान्तअनुसार वितरण गरिनुपर्दछ ।
- प्राकृतिक स्रोत व्यवस्थापन र संरक्षणका क्रममा सिर्जना भएका रोजगारी र अवसरहरूमा आदिवासी जनजातिलाई समानुपातिक समावेशीको सिद्धान्तको आधारमा पहिलो प्राथमिकता हुनुपर्दछ ।

## निजी क्षेत्रको सहभागिता

- राज्यले प्राकृतिक स्रोतको संरक्षण र व्यवस्थापनमा निजीकरण गर्दा एफ्पिक सिद्धान्तलाई अनिवार्य रूपमा पालना गर्नुपर्दछ ।
- राज्यले प्राकृतिक स्रोतको संरक्षण र व्यवस्थापनमा निजी सहभागिता र साझेदारी गर्ने प्रक्रियामा सम्बन्धित क्षेत्रको आदिवासी जनजातिलाई पहिलो प्राथमिकता दिइनुपर्दछ ।

## सहभागिता, परामर्श र एफ्पिक

- प्राकृतिक स्रोतको संरक्षण र व्यवस्थापनको हरेक निकाय, तह र क्षेत्रमा आदिवासी जनजातिको पूर्ण, प्रभावकारी सहभागिता र प्रतिनिधित्वको सुनिश्चितता हुनुपर्दछ ।
- सम्बन्धित आदिवासी जनजातिको आधिकारिक संस्थासँगको अनिवार्य परामर्श र सहभागिता, र प्रतिनिधित्वको सुनिश्चितता गर्नुपर्दछ ।

## कानूनी व्यवस्था

- आदिवासी जनजातिको प्राकृतिक स्रोतसाधन संरक्षण सम्बन्धी प्रथाजनित कानून र परम्परालाई राज्यले कानूनी मान्यता दिई औपचारिक कानूनमा समावेश गरी व्यवहारमा लागू गर्नुपर्दछ ।
- यससँग सम्बन्धित आदिवासी जनजातिको परम्परागत संस्थाहरूलाई कानूनी मान्यता प्रदान गर्नुपर्दछ ।
- संरक्षण ऐन, वन ऐन लगायत अन्य सम्बन्धित ऐन, नियम, कानून र व्यवस्थाहरूलाई आइएलओ १६९ लगायत अन्तर्राष्ट्रिय सन्धि, अभिसन्धि र महासन्धि, प्रचलित व्यवस्था अनुसार संशोधन, परिमार्जन गर्नुका साथै यससँग बाझिएका कानूनका दफाहरूलाई खारेज गरिनुपर्दछ ।
- राष्ट्रिय निकुञ्ज र वन्यजन्तु संरक्षण क्षेत्रले आदिवासी जनजाति समुदायमा पुऱ्याएको क्षतिलाई राज्यले न्यायोचित ढंगले तुरुन्त क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने र यसको प्रभावकारी कार्यान्वयनको लागि एउटा आदिवासी जनजाति प्रतिनिधि सहितको संयन्त्र निर्माण गर्नुपर्दछ । आदिवासी जनजातिको परम्परागत ज्ञान, बौद्धिक सम्पत्ति, स्वअधिकार (पेटेन्ट राइट)लाई मान्यता दिई कानूनी रूपमा नै सुनिश्चित गरी व्यवहारमा ल्याइनुपर्दछ । आदिवासी जनजातिहरूको परम्परागत जीविकोपार्जन प्राणालीलाई राज्यले निरन्तराता दिई त्यसको संरक्षण, सम्बर्द्धनको सुनिश्चितता गर्नुपर्दछ ।

## लैंगिक समानता र सामाजिक समावेशीकरण

- चार प (पहिचान, प्रतिष्ठा, प्रतिनिधित्व र पहुँच) को सिद्धान्त अनुसार लैंगिक समानता र सामाजिक समावेशीकरण हुनुपर्दछ ।
- प्राकृतिक स्रोतको संरक्षण र व्यवस्थापनको सम्पूर्ण निर्णय प्रक्रियाको तहमा आदिवासी जनजाति र महिलाहरूको समानुपातिक समावेशीको सिद्धान्तको आधारमा प्रतिनिधित्व र सहभागिताको सुनिश्चितता हुनुपर्दछ ।
- प्राकृतिक स्रोत साधन माथिको पहुँच, नियन्त्रण र स्वामित्वको सवालमा लैंगिक दृष्टिकोणको सिद्धान्तको सुनिश्चितता गरिनुपर्दछ ।

**नेपाल आदिवासी जनजाति महासंघ**
कुसुन्ती, ललितपुर
वेवसाइटः www.nefin.org.np, www.nefinclimatechange.org

POSITION PAPER

# INDIGENOUS PEOPLES' POSITION PAPER ON THE UPCOMING FOREST STRATEGY, NATIONAL REDD+ STRATEGY, NATIONAL BIODIVERSITY STRATEGY AND ACTION PLAN, AND STRATEGIC FRAMEWORK ON NATURE CONSERVATION

- Recalling that the indigenous peoples (IPs) are the sons and daughters of the soil, and
- Reminding that the forest policies and legal provisions have confiscated the land, forest and natural resources of the indigenous peoples, and
- Realizing that the indigenous peoples shall be affected most with the negative impacts of climate change, and
- Considering that the National forest related strategies proposed for the mitigation of impacts of climate change is to affect the indigenous peoples, and
- Recognizing that the distinct knowledge, skills and customary practices of the indigenous peoples have significant contributions in the conservation of biodiversity, and
- Determining that indigenous peoples and nature are inter-dependent;
- Nepal Federation of Indigenous Nationalities (NEFIN) presents its positions on Forest Strategy, National REDD+ Strategy, National Biodiversity Strategy and Action Plan, and Strategic Framework on Nature Conservation below:

## 1. IPS' POSITION ON FOREST SECTOR STRATEGY

### RECOGNITION OF CONTRIBUTION

- As the indigenous peoples and indigenous women had been distinctly conserving, promoting, managing, controlling and using the forests centuries before the introduction of forest-related legal provisions, their distinctive contribution should be legally recognized

### OWNERSHIP

- Forests and forest resources owned, controlled, conserved and used since ages by the indigenous peoples have been confiscated with the introductions of Private Forest Nationalization Act- 2013, Resettlement Company Act- 2021, Land Reform Act- 2021, Jhoda Act- 2028, National Park and Wildlife Conservation Act- 2029, Pastureland Privatization Act- 2031, Forest Act- 2049 and Community Forest Regulation- 2051. Hence, the indigenous peoples' right of ownership, control, conservation and use of forest and forest resources should be re-established by formulating necessary law.

### MANAGEMENT

- Forest management system, aided by the indigenous peoples' and indigenous women's' cultural, religious, social, economic, and spiritual aspects and customary practices should be given legal recognition and promotion.
- Legal provision should be introduced to ensure the complete proportional and inclusive participation in the local and central committees of the consumers' group and Federation of Community Forestry Users, Nepal (FECOFUN).
- Community Forest Users' Groups, while formulating their constitutions, policies, rules, and action-plans should recognize the indigenous peoples' age-long traditional practices related to the forest conservation and management.
- On part of the indigenous peoples, evicted from the protected forest areas, provision of representing indigenous peoples in the Community Forest Users' Group should be ensured. The provision of '3Km-off-settlement' from the protected forest as existing in the prevalent legal system should be revoked.

#### BENEFIT SHARING

- Provisions should be made in such a way that the benefits from the forests and forest resources owned, controlled, and managed by the indigenous peoples belongs to them.
- As indigenous peoples are dependent to forests and forest resources, they should be allowed to continue with their age-long cultural, social, economical, religious, and spiritual practices along with the use of medicinal plants and ways of their livelihoods.
- Rational sharing of every benefit obtained from forests and forest resources should be ensured in between the community and local indigenous peoples.

#### PARTICIPATION OF PRIVATE SECTOR

- Historical forests and forest areas owned, controlled, used, and managed by the indigenous peoples should, no way, be privatized.

#### PARTICIPATION, CONSULTATION AND FPIC

- Provisions should be made to ensure an institutional and complete proportional and inclusive participation of indigenous peoples and indigenous women in process of formulating and implementing the policies, acts, laws, regulations, action plans. They should be also ensured to involve in the monitoring and assessment process both in the local and national level procedures and mechanism. Principles of the United Nations Declaration on Rights of Indigenous People (UNDRIP), ILO Convention- 169 and Free and Prior Informed Consent (FPIC) should be adopted while bringing these legal provisions into practice.

#### GENDER EQUITY AND SOCIAL INCLUSION

- Provisions should be made to ensure the especial representation of indigenous women, youths, differently able persons, third-genders, minorities, and sidelined indigenous peoples in every forest management mechanism and process.

#### FOREST PROMOTION AND PLANTATION

- While promoting forest and launching afforestation programs, priority should be given to the plants and trees that share relations to the economic, social, cultural, religious and spiritual values of the indigenous peoples.
- In pretext of economic development, the plants, and trees with the social, cultural, economic, religious and spiritual values should not be fallen down.
- Responsibility of managing and planting the biodiversity-friendly original species of plants should be given to the indigenous peoples of the concerned locality.

#### ISSUE OF FEDERALISM

- Indigenous peoples' rights regarding the ownership, access and control over the forests and forest resources should, constitutionally, be ensured before the country is divided into federal states

#### RIGHTS TO LAND

- Provisions should be made in a way so that indigenous peoples get rights to continue with the lands they have been using and controlling.

## 2. IPS' POSITION ON REDD+ STRATEGY

- While formulating REDD+ policies and strategies, indigenous peoples' rights to environmental and social safeguard policy should be brought into practice as enshrined in government-ratified ILO C- 169, government-signed United Nations Declaration on Rights of Indigenous People (UNDRIP), Convention of Biodiversity (CBD) and the United Nations Climate Change Conference (COP 16) or Cancún Safeguards.
- REDD+ activities should be prepared and implemented only after the Free, Prior and Informed Consent (FPIC) of the indigenous peoples. The inclusive participation of women and youths from indigenous peoples should be ensured in process of FPIC.
- Since the concept of REDD+ is related to lands and forests, indigenous peoples' rights to control and access over

the ancestrol lands, forests and natural resources should be entirely established.

- Since the indigenous peoples are in collective ownership, use and control of their ancestrol lands and natural resources, the upcoming strategies should recognize their age-long traditional practices. Indigenous peoples modes of livelihood should not be considered the cause of deforestation.
- The customary laws and practices on lands and natural resources exercised by the indigenous peoples should be implemented with clear recognition.
- Since the indigenous peoples have the prerogatives to enjoy lands, forests and natural resources of their areas, they should even get the rights to forest-carbon.
- Recognizing indigenous peoples' traditional skills, knowledge and customary laws as contributing factors to the susstainable conservation and management of the forests, the REDD+ process should establish rights to continue with these indigeous tools.
- Since the indigenous peoples' fundamentals of occupation, religion, culture, religious faith, intellectual property, experties and herdiatry have inter-relations with the forests, lands and various means of natural resources, the REDD+ strategy should pay them back by recognizing the contributions made by these factors.
- Information related to every tyre of REDD+ activities and decisions should be disseminated to the indigenous peoples in their plain mother tongues and mediums down to the local level.
- Reasonable distribution of benefits obtained from the REDD+ should be ensured. Recognizing the economic, social, cultural and spiritual aspects and their contributions in forest conservation, indigenous peoples should be given with the non-carbon benefits as well.
- As provisioned by the Cancùn Safeguards, full and effective involvement of indigenous peoples organizations should be ensured in the local, regional and the national level REDD process, administrative system and organizational mechanism. Special provisions should be made for inclusive participation of the women, youths and sidelined communities belonging to the indigenous peoples.
- Including other financial mechanism, indigeneous peoples' full and effective involvement and access to the Green Climate Fund (GCF) should be ensured. Special provisions should be introduced for the inclusive participation of women, youths and excluded communities belonging to the indigenous peoples.
- In regard to the REDD+ Process, necessary amendments should be made over the financial and other provisions for the capacity enhancement of the indigenous peoples.
- Full and institutional representation of indigeneous peoples should be ensured while formulating the Social and Environmental Strategy Assesment (SESA) and Environmental and Social Management Framework (ESMF). Special provisions should be brought out for the inclusive participation of the women, youths and excluded communities belonging to the indigenous peoples.
- Community-based Monitoring (M) and Measuring, Reporting and Verification (MRV) system should be introduced by ensuring full and effective participation of indigenous peoples in the M & MRV process of REDD+ project and its activities.
- An independent and effective feedback and grievance re-address mechanism should be formed up by ensuring full and effective involvement and access of the indigenous peoples' organizations.

## 3. IPS' POSITION ON THE NATIONAL BIODIVERSITY STRATEGY AND ACTION PLAN

### RECOGNITION OF CONTRIBUTION

- Considering indigenous peoples' traditional way-of-life, culture, religion and spiritual values as an integral part of biodiversity conservation, the upcoming Biodiversity Strategy and Action Plan should recognize and allow to continue with their traditional way-of-life, culture, religion and spiritual values.
- Realizing the fact that traditional knowledge, skills, and values of indigenous peoples have significant role in the conservation of biodiversity, these traditional tools and values should be recognized and continued.
- As the indigenous peoples' traditional way-of-life, religious, cultural, and spiritual values have been contributing in the conservation of biodiversity, provisions should be made so that they remain distinct and unaffected.

### OWNERSHIP

- Indigenous peoples should have their ownership over the herbal plants, animals, rivers and rivulets, pounds and lakes, non-physical cultural heritages, traditional dwelling areas, and prayer-making sites related to their way-of-life.
- Since the original names of the local herbal plants and natural resources have been out of practice because of

national policies, they should be renamed in the local mother tongue in the biodiversity strategy.

- Indigenous peoples' intellectual property rights (IPRs) over the goods produced with their genetic resources, traditional knowledge, and skills should be established.

## MANAGEMENT

- Conservation of biodiversity should be carried on the basis of traditional values, knowledge, and skills of indigenous peoples and they should have rights to management.
- The government should ensure full and effective participation of indigenous peoples while forming the community and protected area-based leadership structure for the conservation of biodiversity.
- Keeping in mind the conservation of biodiversity-friendly traditional knowledge and practices of indigenous peoples, responsibility of conserving and managing the local biodiversity should be given to the indigenous peoples of the concerned areas.

## BENEFIT SHARING

- The sharing of benefits from local biodiversity and natural resources should be based on fair and equitable principle of justice, giving foremost priority to the indigenous peoples of the concerned areas.
- Assessing the impacts of construction and expansion of biodiversity conservation areas, justifiable compensation should be given to the indigenous peoples of the concerned areas.

## PARTICIPATION OF PRIVATE SECTOR

- Under the public private partnership (PPP) scheme, private sector participation in the biodiversity, land, water, minerals, and forest conserved and consumed since age by the indigenous peoples should be allowed only with their consent. Indigenous peoples' participation should be obligatory in such projects.

## PARTICIPATION, CONSULTATION AND FPIC

- Full and effective participation of indigenous peoples should be ensured right from the making of biodiversity strategy to the making of policy, laws, action plan, and regulation related to it.
- While formulating these policies, rights of indigenous peoples, as enshrined in the ILO- 169, UNDRIP, CBD, should established and FPIC should be taken as provisioned by other international accords and conventions.
- Institutional participation of the indigenous peoples should be ensured in the district, regional and central level biodiversity coordinating and monitoring committees.

## MONITORING MECHANISM

- The Strategy on Biodiversity should give full and effective recognition to the Indigenous Peoples' Community Based Monitoring Information System (CBMIS).
- Every tier of biodiversity monitoring mechanism should be comprised of the full and effective participation of the indigenous peoples' organizations including Indigenous Women organizations both at the national and community levels.

## LEGAL PROVISION

- Customary laws, traditional practices, and values of the indigenous peoples should be authorized and legitimated while making laws on biodiversity conservation.
- While formulating laws on biodiversity conservation, indigenous peoples' rights, as enshrined in the ILO C- 196, UNDRIP and other international accords should be ensured.

## GENDER EQUITY AND SOCIAL INCLUSION

- While formulating strategy, laws, bylaws, regulations, guidelines, acts and action plans, full and effective participation of differently able and indigenous women should be ensured on the basis of human index and social diversities.

## RIGHTS TO LAND

- Indigenous peoples should have their complete ownership over the lands and land areas that they have religiously, culturally or spiritually controlled and consumed. They must have entire ownership over the biological and non-

biological sources and means available in such lands.

- Indigenous peoples' rights-friendly provisions should be ensured as indicated in the National Biodiversity Strategy and Action Plan.

## 4. IPS POSITION ON THE STRATEGIC FRAMEWORK ON NATURE CONSERVATION

### RECOGNITION OF CONTRIBUTION

- The government should recognize the distinct customary laws and practices existing in the indigenous peoples' communities, which have been contributing in the sustainable conservation and management of the natural resources.
- Through the Strategic Framework on Nature Conservation, the government should legalize the indigenous peoples' traditionally important social, economical, political, and religious institutions.
- Necessary amendment and reformation of the existing laws related to the conservation and management of natural resources should be made in line with the FPIC principle.
- Conservation of indigenous peoples' language, culture, script, traditional knowledge and skills should be conserved, protected and promoted simultaneously with conservation and management of the natural resources.
- Original names of the indigenous peoples' ancestral homelands along with the natural, cultural, and religious heritages, named in Nepali language in pretext of Hindunization and Nepalization, should be renamed and identified in their own mother tongues.

### OWNERSHIP

- The indigenous peoples should be ensured of access and ownership of the natural resources in their areas.
- Indigenous peoples should be ensured with the full ownership over the pasturelands, religious areas and cultural sites that they have been controlling and using sinces ages
- The laws, acts and regulations related to the forest and natural resources should be immediately amended and reformed in line with the internationally important accords, conventions and declarations. Any articles contradictory to these international legal tools should be announced nulll and void.

### MANAGEMENT

- Indigenous peoples' representation and participation in the Community Forest Users' Groups (CFUGs) should be ensured in line with the proportonal and inclusive approach.
- Recognizing the contributions of the indigenous peoples' customary laws, traditional knowledge, skills and practices in the sustainable conservation and management of the forests and natural resources, implementation of these indigenous tools should be ensured by including them in the existing laws, acts and regulations.

### BENEFIT SHARING

- Sharing of benefits obtained from the natural resources should be based on fair and equitable principle of justice, giving foremost priority to those indigenous peoples who are sidelined and exposed to the risk of extinction.
- Sharing of benefits obtained from natural resources should be made in line to customary laws and values prevalent in the indigenous communities.
- Government budget and financial grants, donations and other forms of assistances received from the donor agencies should be proportionately distributed.
- Indigenous peoples should be given the foremost priority to enjoy the employments and other opportunites generated during the management and conservation of natural resources.

### PARTICIPATION OF PRIVATE SECTOR

- While involving the private sector in the conservation and management of natural resources, the government should, compulsorily, be abided by the FPIC.
- The government, while making private sector participation or public private partnership for the conservation and management of the natural resources, should give priority to the indigenous peoples of the concerned areas.

## PARTICIPATION, CONSULTATION AND FPIC

- Full and effective participation and representation of the indigenous peoples should be ensured in every agency, level, and sector responsible for the conservation and management of the natural resources based on FPIC principles.
- Compulsory consultation, participation, and representation of the indigenous peoples' leading organizations should be ensured.

## LEGAL PROVISION

- Giving legal recognition to the indigenous people's customary laws and traditional practices related to the conservation of natural resources, the government should include in and implement these indigenous tools through formal law.
- The traditional institutions related to the conservation of natural resources should be given legal recognition.
- Including others policies, regulations, laws and provisions, the National Parks and Wildlife Conservation Act- 2029 and Forest Act- 2059 should be immediately amended and reformed in line with the internationally important accords, conventions and declarations such as ILO- 169 and UNDRIP. Any articles contradictory to these international legal tools should be announced nulll and void.
- The government, in order to assess and immediately compensate the indigenous peoples hit by the introduction of National Parks and Wildlife Conservation Act- 2029, should form a mechanism comprised of their representatives.
- Indigenous peoples' traditional skills and knowledge should be legally ensured and implemented and their intellectual properties should be given patent rights. Likewise, indigenous peoples' traditional way-of-life should be continued, conserved and promoted.

## GENDER EQUALITY AND SOCIAL INCLUSION

- As per the PRIA (Prestige, Reputation, Identity and Access) principle, gender equality and social inclusion must be ensured while introducing the Strategic Framework on Nature Conservation.
- As per the principle of inclusive and proportional representation, indigenous peoples' and indigenous women's representation must be ensured in the entire decision-making process related to the conservation and management of the natural resources.
- Principle of gender equality should be ensured in the issues of ownership, control and access of the natural resources.

NEFIN

**Nepal Federation of Indigenous Nationalities**

Kusunti, Lalitpur

Website: www.nefin.org.np, www.nefinclimatechange.org